सचिव बैठक - मंशिर ७, २०७७

निर्णयहरु :

१. प्रदेशको राजधानी स्थापनाका लागि आवश्यक जग्गा, भवनको व्यवस्था एवम् आवश्यक अन्य कार्य गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालय, भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले नेपाल सरकार र स्थानीय तहहरुसँग आवश्यक समन्वय गरी प्राथमिकताका साथ कार्य अघि बढाउने ।

२. नेपाल सरकारबाट आगामी मंशिर १५ गते यस प्रदेशका २१ वटा स्थानीय तहहरुमा ५ देखि १५ सैय्या अस्पताल स्थापनाको शिल्यान्यास गर्ने कार्यक्रममा सामाजिक विकास मन्त्रालयले नेपाल सरकारका सम्वन्धित मन्त्रालय र स्थानीय तहहरुसँग आवश्यक समन्वय र सहजीकरण गरी पूर्व तयारी र आवश्यक सहजीकरणको कार्य प्राथमिकताका साथ गर्ने ।

३. प्रदेश सरकारका विभिन्न मन्त्रालय र अन्तर्गत निकायहरुले चालु आर्थिक वर्षको पहिलो चौमासिकमा सम्पादन गरेको कार्य प्रगतिको समिक्षा गर्न प्रदेश विकास समस्या समाधान समितिको बैठक मंशिर १० र ११ गते गर्ने गरी पत्राचार भइसकेको सन्दर्भमा सबै मन्त्रालयहरुले मन्त्रालयगत समस्या समाधान समितिको बैठक मंशिर ९ गते भित्र गरी सोको एक प्रति प्रदेश योजना आयोग र मुख्यमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालयमा पठाउने ।

४. प्रदेशमा कोभिड-१९ संक्रमण र जोखिम कायमै रहेको सन्दर्भमा कोभिड-१९ कै बीच पनि स्वास्थ्य सम्वन्धी प्रोटोकल अवलम्वन गर्दै कार्ययोजना बमोजिम कार्यक्रम/परियोजनाको कार्यान्वयनलाई अगाडि बढाउने । सार्वजनिक यातायातमा यात्रा गर्दा, सार्वजनिक/सामाजिक व्यवहार र आवतजावत गर्दा स्वास्थ्य सुरक्षाका सामग्रीहरु मास्क, पञ्जा लगायत प्रयोग गर्न सामाजिक विकास मन्त्रालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने साथै, आवश्यक नियन्त्रणका उपाय समेत अवलम्बन गर्ने ।

५. प्रदेश समन्वय परिषद्को बैठकमा राखुपर्ने कुनै विषय वा समस्या भए मन्त्रालयहरुले विस्तृतमा तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

६. प्रदेश सरकारको सेवा प्रवाह र विकास व्यवस्थापनका लागि ऐनहरु निर्माण भएपनि अधिकांश नियमावलीहरु निर्माण हुन बाँकी रहेकोले आफ्नो कार्यक्षेत्र भित्रका बनाउन बाँकी नियमावलीहरु अविलम्व सवै मन्त्रालयले तयार गरी प्रदेश सरकार (मन्त्रिपरिषद) मा प्रस्ताव पेश गर्ने ।

प्रमुख सचिव

७. प्रदेश सरकारका मन्त्रालयहरुसँग सम्वन्धित गुनासा, पृष्ठपोषण र महत्वपुर्ण सूचना/समाचारहरुको प्रभावकारी रुपमा सम्वोधन र व्यवस्थापन गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहत विभिन्न जिल्लामा रहेका सूचना केन्द्रहरुले स्थानीय पत्रपत्रिका, अनलाइन र इलेक्ट्रिक मिडिया मार्फत प्रकाशित, प्रसारित समाचारहरु एकत्रित गरी आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पठाउने व्यवस्था मिलाई सोको एक प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत पठाउने व्यवस्था मिलाउने। मन्त्रालयसँग सम्वन्धित गुनासाहरु सम्वन्धित मन्त्रालयले यथासिघ्र सम्वोधन गर्ने आवश्यक व्यवस्था मिलाउने ।

८. नेपाल सरकारका विभिन्न निकायहरु र प्रदेश सरकारका विभिन्न प्रयोजनका लागि विभिन्न मन्त्रालय तथा निकायहरुसँग माग हुने विवरण, सूचना, जानकारी र प्रतिवेदनहरु तोकिएको समयावधि भित्रै प्राप्तहुने गरी पठाउने व्यवस्था सबै मन्त्रालयले अनिवार्य रुपमा मिलाउने ।

९. माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा सम्पन्न भएका बैठकका विभिन्न मितिका निर्णयहरु कार्यान्वयनका लागि त्यहाँ मन्त्रालय/कार्यालयमा पठाइएकोमा उक्त निर्णयहरुको कार्यान्वयन बाँकी भए प्राथमिकतासाथ सम्पन्न गरी सोको प्रगति विवरण नियमित रुपमा पठाउने व्यवस्था गर्ने, गर्न लगाउने ।

१०. मन्त्रालय/कार्यालयमा समयपालना, नियमितता, मितव्ययिता जस्ता विषयहरुमा जोड दिई कार्ययोजना बमोजिमका र तोकिएका कार्यहरु समयमै नतिजामूलक किसिमले र दक्षताका साथ सम्पन्न गर्ने, गराउने ।

प्रमुख सचिव